रूपा गाउँपालिका

Rupa Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

रूपाकोट, कास्की Rupakot, Kaski

गण्डकी प्रदेश, नेपाल Gandaki Province, Nepal

पत्र संख्याः २०८१/०८२

चलानी नं :

## कर्मचारी पदपुर्ती सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।१२।०३)

वैदेशिक रोजगारको क्षेत्रलाई सुरक्षित,मर्यादित,व्यवस्थित तथा भरपर्दो बनाउने उदेश्यले सूचना तथा परामर्श,न्यायमा पहुँच, वित्तीय साक्षरता सहित मनोसामाजिक परामर्श सेवा र सामुदायिक सचेतीकरणका क्रियाकलापहरु सञ्चालनका लागि यस गाउँपालिकामा निम्नानुसारको जनशक्ति सेवा करारमा लिनुपर्ने भएकोले इच्छुक अनुभवी नेपाली नागरिकहरुले यो सूचना प्रकाशित मितिले १५(पन्ध्र) दिनभित्र दरखास्त पेष गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं | पद | पद संख्या | योग्यता | परिक्षाको किसिम |
|---|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह सरह) | १ जना | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वधालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको<br>• **मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालिम प्राप्त गरि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रवाट भएकोलाई विशेष प्राथमिकता दिइनेछ ।**<br>• सामी कार्यक्रम अन्तरगत कार्यरत मनोसामाजिक परामर्शकर्ताको हकमा कम्तीमा +२ वा सो सरह उत्तीर्ण गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी केन्द्रको तालिम व्यवस्थापन प्रणालीमा सूचीकृत भएको ।<br>• कम्प्युटर सम्वन्धी आधारभुत ज्ञान तथा अनुभव (word, excel, powerpoint, Email/ internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने । | लिखित र अन्तर्वार्ता |
| २ | रिटर्नी स्वंयमसेवक | १ जना | न्यूनतम कक्षा ८ उत्तीर्ण गरी वैदेशिक रोजगारी (खाडी वा मलेसिया) मा कम्तीमा १ वर्ष काम गरेको | अन्तरवार्ता |

दरखास्त दस्तुर : रु ७००।

तलब तथा अन्य सुविधाः नियमानुसार ।

आवश्यक कागजातहरुः माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, कम्प्युटर सम्बन्धी आधारभुत सीप को प्रमाणपत्र को प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा निवेदन सहित यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

छनौट प्रक्रिया : प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित र अन्तर्रवार्तामा समावेश गरिनेछ ।

दरखास्त दिने अन्तिम मिति : २०८१/१२/१७ गतेका दिन कार्यालय समय भित्र बुझाउनुपर्नेछ ।

परिक्षा कार्यक्रम पछि जानकारी गराइनेछ ।

२०८१।१२।०३

चिरञ्जीवी बराल

प्रमुख प्रशासकीय अधिकृत

**मनोसामाजिक परामर्शकर्ता** पाठ्यक्रम

१) वैदेशिक रोजगार ऐन २०६४ र नियमावली २०६४,

२) स्थानीय सरकार सञ्चालन ऐन २०७४

३) वैदेशिक रोजगारी तथा श्रम आप्रवासन क्षेत्रका नवीनतम जानकारीहरु,

४) स्थानीय परिवेश तथा भूगोल सम्बन्धी सामान्य जानकारीहरु,

५) मनोसामाजिक परामर्शका आधारभूत पक्षहरु, मनोपरामर्शकर्तामा हुनुपर्ने गुणहरु भूमिका र  जिम्मेवारी

६) नेपालको संविधान २०७२, ( स्थानीय तहका अधिकारहरु श्रम रोजगार क्षेत्र मौलिक हक
राज्यका नीतिहरु)

७) श्रम आप्रवासनमा मनोसामाजिक परामर्श सम्बन्धी प्रभाव,

८) सुरक्षित आप्रवासन (सामी) कार्यक्रम  सम्बन्धी जानकारी

गाउँ कार्यपालिकाको कार्यालय
रुपाकोट, कास्की
गण्डकी प्रदेश, नेपाल